# Nepali: Unlocked Literal Bible for २ पत्रुस

Formatted for Translators



generated on Tue Jun 17 07:49:29 2025

©2022 Wycliffe Associates
Released under a Creative Commons Attribution-ShareAlike 4.0 International License.

Bible Text: The English Unlocked Literal Bible (ULB)
©2017 Wycliffe Associates
Available at https://bibleineverylanguage.org/translations
The English Unlocked Literal Bible is based on the unfoldingWord® Literal Text, CC BY-SA 4.0. The original work of the unfoldingWord® Literal Text is available at https://unfoldingword.bible/ult/.
The ULB is licensed under the Creative Commons Attribution-ShareAlike 4.0 International License.

Notes: English ULB Translation Notes
©2017 Wycliffe Associates
Available at https://bibleineverylanguage.org/translations
The English ULB Translation Notes is based on the unfoldingWord translationNotes, under CC BY-SA 4.0. The original unfoldingWord work is available at https://unfoldingword.bible/utn.
The ULB Notes is licensed under the Creative Commons Attribution-ShareAlike 4.0 International License.

To view a copy of the CC BY-SA 4.0 license visit http://creativecommons.org/licenses/by-sa/4.0/

Below is a human-readable summary of (and not a substitute for) the license.
You are free to:

Share — copy and redistribute the material in any medium or format. Adapt — remix, transform, and build upon the material for any purpose, even commercially.

The licensor cannot revoke these freedoms as long as you follow the license terms.
Under the following conditions:

Attribution — You must attribute the work as follows: "Original work available at https://BibleInEveryLanguage.org." Attribution statements in derivative works should not in any way suggest that we endorse you or your use of this work. ShareAlike — If you remix, transform, or build upon the material, you must distribute your contributions under the same license as the original. No additional restrictions — You may not apply legal terms or technological measures that legally restrict others from doing anything the license permits.

Notices:
You do not have to comply with the license for elements of the material in the public domain or where your use is permitted by an applicable exception or limitation.
No warranties are given. The license may not give you all of the permissions necessary for your intended use. For example, other rights such as publicity, privacy, or moral rights may limit how you use the material.

# २ पत्रुस

## 1

1येशू ख्रीष्टका दास र प्रेरित सिमोन पत्रुसबाट, हाम्रा परमेश्वर र मुक्तिदाता येशू ख्रीष्टको धार्मिकतामा, हाम्रो जस्तै मूल्यवान् विश्वास प्राप्त गरेकाहरूलाई, 2परमेश्वर र हाम्रा
प्रभु येशूको ज्ञानद्वारा तिमीहरूमा अनुग्रह र शान्ति प्रशस्त हुँदै जाओस् ।3आफ्नै महिमा र सद्गुणद्वारा हामीलाई बोलाउनुहुने परमेश्वरको ज्ञानद्वारा हामीलाई ईश्वरीय शक्तिको
जीवन र धार्मिकताको निम्ति आवश्यक पर्ने सबै कुरा दिइएको छ । 4यी कुराहरूद्वारा उहाँले हामीलाई बहुमूल्य र महान् प्रतिज्ञाहरू दिनुभयो ताकि तिमीहरू संसारका
कुइच्छाबाट आउने भ्रष्टताबाट उम्केर ईश्वरीय स्वभावमा सहभागी हुन सक ।5यसैकारण, तिमीहरूको विश्वासमा सद्गुण, सद्गुणमा ज्ञान, 6ज्ञानमा आत्मसंयम, आत्मसंयममा
सहनशीलता, सहनशीलतामा ईश्वरभक्ति, 7ईश्वरभक्तिमा भातृ-स्नेह, र भातृ-स्नेहमा प्रेम थप्‍न सक्दो प्रयत्‍न गर ।8यदि यी कुरा तिमीहरूमा छन्, र तिमीहरूमा प्रशस्त हुँदै
जान्छन् भने हाम्रा प्रभु येशू ख्रीष्टको ज्ञानमा तिमीहरू बाँझो वा निष्फल हुनेछैनौ । 9तर जोसँग यी कुराहरूको घटी छ र नजिकको वस्तु मात्र देख्छ भने, त्यो अन्धो हो जसले
पुरानो पापबाट धोइएको कुरालाई बिर्सेको हुन्छ ।10त्यसकारण भाइ हो, आफ्नो बोलावट र चुनाउ निश्चित गर्नको लागि सक्दो प्रयास गर किनकि तिमीहरूले त्यो गर्‍यौ भने,
तिमीहरू लोट्नेछैनौ । 11यसरी हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अनन्त राज्यमा तिमीहरूलाई प्रशस्त गरी प्रवेश दिइनेछ।12त्यसैले तिमीहरूलाई यी कुराहरू थाहा छ र
अहिले तिमीहरूमा भएको सत्यतामा तिमीहरू बलियो छौ भनेतापनि म तिमीहरूलाई यी कुराहरू सम्झाउन सधैं तयार हुनेछु । 13जबसम्म म यस पालमा छु तिमीहरूलाई
सम्झना दिलाउँदै जागा राख्नु मेरो निम्ति असल हुन्छ भन्ने मलाई लाग्छ । 14किनकि मैले यो पाललाई चाँडै त्याग्‍दैछु भन्ने मलाई थाहा छ किनभने हाम्रा प्रभु येशू ख्रीष्टले यो
कुरा मलाई प्रकट गर्नुभएको छ । 15मेरो प्रस्थानपछि पनि तिमीहरूले यी कुराहरू सधैं सम्झन सक भनेर म सक्दो प्रयास गर्नेछु ।16किनकि हामीले हाम्रा प्रभु येशू ख्रीष्टको
शक्ति र आगमनको बारेमा तिमीहरूलाई बताउँदा धूर्ततासँग रचिएका दन्त्यकथाहरूलाई पछयाएनौं, तर हामी उहाँको वैभवको प्रत्यक्ष साक्षी थियौं । 17उहाँले परमेश्वर
पिताबाट आदर र महिमा प्राप्त गर्नुभयो, जब वैभवपूर्ण महिमाबाट यो स्वर आएको थियो: “यिनी मेरा प्रिय पुत्र हुन्, यिनीसित म धेरै खुसी छु ।” 18हामी उहाँसित पवित्र
डाँडामा हुँदा हामीले स्वर्गबाट आएको त्यो आवाज सुन्यौं ।19किनकि हामीसँग भएको अगमवाणीको वचन अझ निश्चित भएको छ, जसलाई तिमीहरू पालना गर्न उत्तम
प्रयास गर्छौ । यो उज्यालो नहुञ्जेल र तिमीहरूका हृदयमा बिहानको तारा नआउञ्जेल अन्धकारमा चम्कने बत्तीजस्तै छ । 20सबैभन्दा पहिले, तिमीहरूले यो बुझ्नुपर्छ कि
कुनैपनि अगमवाणी कसैको आफ्नै तर्कबाट आउँदैन । 21किनकि कुनै पनि अगमवाणी मानिसहरूको इच्छाबाट आएन, तर तर परमेश्वरको तर्फबाट बोल्ने, पवित्र
आत्माद्वारा डोर्‍याइएका मानिसहरूबाट आयो ।

## 2

1मानिसहरूकहाँ झुटा अगमवक्ताहरू आए, अनि तिमीहरूकहाँ पनि झुटा शिक्षकहरू आउनेछन् । तिनीहरूले आफूसँग गोप्य रूपमा विनाशकारी झुटा शिक्षाहरू ल्याउनेछन्
र तिनीहरूलाई उद्धार गर्नुहुने गुरुलाई पनि इन्कार गर्नेछन् । तिनीहरूले आफूमाथि चाँडै विनाश ल्याउँदैछन् । 2धेरैले तिनीहरूको कामुकताको अनुसरण गर्नेछन् र
तिनीहरूद्वारा सत्यताको मार्ग निन्दित हुनेछ । 3तिनीहरूको लोभमा तिनीहरूले छलपूर्ण कुरा गरेर तिमीहरूको शोषण गर्नेछन् । तिनीहरूको दण्डाज्ञा लामो समयदेखि
भइरहेको छ, र तिनीहरूको विनाश निदाएको छैन ।4किनकि परमेश्वरले पाप गर्ने स्वर्गदूतहरूलाई पनि छोड्नुभएन । बरु इन्साफ नहुन्जेलसम्म घोर अन्धकारको साङ्लाले
बाँधेर राख्नको लागि उहाँले तिनीहरूलाई तल पातालमा सुम्पिदिनुभयो ।[1] 5अनि उहाँले प्राचीन संसारलाई पनि बाँकी राख्नुभएन । बरु, धार्मिकताका दूत नोआको साथै
अरू सात जनालाई बचाउनुभयो जब उहाँले अधर्मीहरूको संसारमा जल प्रलय ल्याउनुभयो । 6अनि अधर्मीहरूमाथि के आइपर्नेछ भन्ने कुराको उदाहरणको निम्ति
परमेश्वरले सदोम र गमोरा सहरहरूलाई खरानीमा परिणत गरिदिनुभयो र तिनीहरूलाई विनाशको निम्ति दोषी ठहराउनुभयो ।7तर धर्मी लोतको बारेमा भन्नुपर्दा, तिनी
व्यवस्थाहीन मानिसहरूको कामुक व्यवहारका कारण निकै दुःखी थिए । 8त्यसैले ती धर्मी मानिस जो तिनीहरूसँग दिनदिनै बस्दैथिए, तिनीहरूका बीचमा देखेका र सुनेका
कुराहरूको कारण तिनी आफ्ना धर्मी आत्मामा व्याकुल भएका थिए । 9धर्मी मानिसहरूलाई परीक्षाबाट कसरी बचाउनुपर्छ र अधर्मी मानिसहरूलाई न्यायको दिनमा
सजायको निम्ति कसरी तयारी राख्नुपर्छ भनी प्रभु जान्नुहुन्छ ।10यो विशेष गरी शरीरका भ्रष्ट इच्छाहरूमा जिउने र अधिकारलाई तुच्छ ठान्नेहरूको निम्ति सत्य हो । हठी र
स्वेच्छाचारी, तिनीहरू महिमितहरूको निन्दा गर्न डराउँदैनन् । 11स्वर्गदूतहरूसँग धेरै बल र शक्ति छ, तर तिनीहरूले प्रभुको अगाडि तिनीहरूको विरुद्धमा निन्दापूर्ण न्याय
ल्याउँदैनन् ।12तर यी मानिसहरू, अज्ञानी पशुहरूजस्तै स्वाभाविक रूपमा नियन्त्रण र नाशको निम्ति बनाइएका हुन् । तिनीहरूले जे कुराको निन्दा गर्छन् त्यो जान्दैनन् ।
तिनीहरू नष्ट पारिनेछन् । 13आफैंले गरेका गलत कामहरूका परिणाम तिनीहरूले पाउनेछन् । तिनीहरू सोच्छन् कि दिनमा हुने विलासिता आनन्द हो । तिनीहरू धब्बा र
दागहरू हुन् । तिमीहरूसँग भोजमा बस्दा तिनीहरू आफ्ना छलपूर्ण कार्यहरूमा रमाउँछन् । [2] 14तिनीहरूका आँखा व्यभिचारले भरिएका हुन्छन्; तिनीहरू पाप गरेर कहिल्यै
अघाउँदैनन् । तिनीहरूले अस्थिर प्राणलाई नराम्रो काममा लोभ्याउँछन्; तिनीहरूका मनले लोभमा तालिम पाएका हुन्छन् र तिनीहरू श्रापित सन्तान हुन्!15तिनीहरूले सही
मार्गलाई त्यागेका छन् र तिनीहरू बरालिएर अधार्मिक कामको ज्याला लिन मन पराउने बोअरको छोरा बालामको पछि लागेका छन् । [3] 16तर त्यसले आफ्नै अपराधको
निम्ति हप्की पायो । एउटा नबोल्ने गधाले मानिसको आवाजमा बोलेर अगमवक्ताको पागलपनलाई रोकिदियो ।17यी मानिसहरू मूलविनाको पानीजस्ता छन् र आँधीले उडाई
लैजाने कुइरोजस्ता छन् । तिनीहरूको निम्ति घोर अन्धकार साँचिएको छ । 18तिनीहरू खोक्रो अहङ्कारसाथ बोल्छन् । तिनीहरू शारीरिक वासनाद्वारा मानिसहरूलाई
प्रलोभनमा पार्छन् । खराबी गर्नेहरूदेखि भाग्‍न खोज्नेहरूलाई तिनीहरू प्रलोभनमा पार्छन् । 19तिनीहरूले तिनीहरूलाई छुटकारा दिने प्रतिज्ञा गर्छन्, तर तिनीहरू आफैं
भ्रष्टताका दास हुन् । किनकि मान्छेलाई जुन कुराले जित्छ, त्यो त्यसैको दास बन्छ ।20यदि तिनीहरूले प्रभु र मुक्तिदाता येशू ख्रीष्टलाई चिनेर यस संसारका दूषित गराउने
कुराबाट उम्किसकेपछि पनि फेरि त्यहीं अल्झिन्छ र फर्कन्छ भने त्यसको अन्तिम अवस्था पहिलेको भन्दा खराब हुन्छ । 21धार्मिकताको मार्गलाई जानेर तिनीहरूलाई
दिइएको पवित्र आज्ञाहरूबाट फर्कनुभन्दा त तिनीहरूले धार्मिकताको मार्ग नै नजानेको भए असल हुने थियो । 22तिनीहरूका निम्ति यो उखान सत्य छः “कुकुर आफ्नै
बान्तामा फर्किन्छ, र नुहाइदिएको सुँगुर हिलैमा फर्किन्छ ।”

[1]केही महत्वपूर्ण र प्रचीन ग्रीक प्रतिलिपिहरूमा पाउँछौ, इन्साफ नहुन्जेलसम्म घोर अन्धकारको खाडलमा राख्नको लागि ।
[2]तिमीहरूसँग भोजमा बस्दा तिनीहरू आफ्ना छलपूर्ण कार्यहरूमा रमाउँछन् लेख्नुको सट्टा अरू आधुनिक अनुवादमा केही यस्तो लेखेको पाउँछौं, प्रेम भोजमा तिमीहरूसँग भोजमा बस्दा तिनीहरू आफ्ना कार्यहरूमा रमाउँछन् ।
[3]पुरानो करारको नामको हिज्जे समान राख्न धेरै आधुनिक अनुवादहरूमा, बोअरको छोरा बालाम लेखेको पाउँछौं । केही आधुनिक अनुवादहरूले ग्रीकको हिज्जे पालन गर्न रोज्छन्, जसमा पाउँछौ, बोसरको छोरा बालाम ।

## 3

1प्रिय हो,यो अहिले दोस्रो पत्र हो जुन मैले तिमीहरूका लागि लेखेको छु, र यी दुवैमा तिमीहरूका निष्कपट मनलाई सम्झना गराएर म उत्साहित तुल्याउँछु, 2ताकि
तिमीहरूले विगतमा पवित्र अगमवक्ताहरूले बोलेका वचनहरू र तिमीहरूका प्रेरितहरूद्वारा हाम्रा प्रभु र मुक्तिदाताका आज्ञाहरूको याद गर्न सक ।3पहिले यो कुरा जान
कि अन्तिम दिनहरूमा गिल्ला गर्नेहरू आउनेछन् । तिनीहरूले गिल्ला गर्नेछन् र आफ्नै इच्छामा अगाडि बढ्नेछन् । 4तिनीहरूले भन्नेछन्, “उहाँको आगमनको प्रतिज्ञा कहाँ
गयो? जबदेखि हाम्रा पुर्खाहरू बितेर गए, सृष्टिको सुरुदेखि, नै सबै कुराहरू उस्तै छन् ।”5तिनीहरू स्वेच्छाले बिर्सन्छन् कि धेरै वर्षअघि परमेश्वरको वचनद्वारा नै

आकाशहरू र पृथ्वी पानीबाट र पानीद्वारा अस्तित्वमा आए [6]अनि त्यहीद्वारा त्यस बेलाको संसार जल प्रलयद्वारा नष्ट भयो [7]अनि त्यही वचनद्वारा न्यायको निम्ति र दुष्ट मानिसहरूको विनाशको लागि साँचिराखेर आकाशहरू र पृथ्वी आगोको निम्ति सुरक्षित राखिएको छ ।[8]प्रिय हो, यो कुरा नभुल कि प्रभुको लागि एक दिन एक हजार वर्ष र एक हजार वर्ष एक दिनझैं हुन्छ । [9]अरूले सोचेजस्तै परमेश्वर आफ्नो प्रतिज्ञाको बारेमा ढिलो गर्नुहुन्न । बरु तिमीहरूको निम्ति उहाँ धैर्यवान् हुनुहुन्छ । उहाँ तिमीहरूमध्ये कोही पनि नाश होस् भन्ने चाहनुहुन्न, तर उहाँ सबैलाई पश्चात्तापको लागि ठाउँ बनाउन चाहनुहुन्छ ।[10]तर प्रभुको दिन चोरजस्तै गरी आउनेछः ठुलो आवाजसहित आकाशहरू बितेर जानेछन् । आगोले तत्त्वहरू पगाल्नेछ र पृथ्वी अनि यसमा भएका कामहरू खुल्ला राखिनेछ ।[1][11]सबै कुरा यसरी नै नाश गरिनेछन् भने तिमीहरू कस्ता मानिसहरू हुनुपर्ने हो? तिमीहरूले पवित्र र धर्मी जीवन जिउनुपर्छ । [12]तिमीहरूले व्यग्रतासाथ परमेश्वरको आगमनको लागि आशा गर्नुपर्छ । त्यस दिन आकाशहरू आगोद्वारा नष्ट गरिनेछ र तत्त्वहरूलाई प्रचण्ड तापले पगाल्नेछन् । [13]तर उहाँको प्रतिज्ञाअनुसार हामी नयाँ स्वर्ग र नयाँ पृथ्वीको पर्खाइमा छौं, जहाँ धार्मिकताले बास गर्नेछ ।[14]त्यसकारण प्रिय हो, तिमीहरूले यी कुराहरूको आशा गरेका हुनाले शान्तिमा उहाँको सामु दागरहित र खोटरहित हुनको निम्ति सक्दो प्रयास गर । [15]र हाम्रा प्रभुको धैर्यलाई मुक्ति ठान, जसरी हाम्रा प्रिय भाइ पावलले तिनलाई दिइएको ज्ञानद्वारा तिमीहरूलाई लेखे । [16]पावलले तिनका सबै पत्रहरूमा यी कुराहरूको बारेमा उल्लेख गरेका छन्, जहाँ बुझ्न कठिन हुने कुराहरू पनि छन् । अशिक्षित र अस्थिर मानिसहरूले यी कुराहरूलाई बङ्ग्याउँछन् जसरी तिनीहरूले आफ्नो विनाश निम्त्याउन धर्मशास्त्रका अरू वचनहरूलाई पनि बङ्ग्याउँछन् ।[17]त्यसकारण प्रिय हो, तिमीहरूले यी कुराहरू पहिले नै जानेको हुनाले आफैंलाई सुरक्षित राख ताकि व्यवस्थाहीन मानिसहरूको छलले तिमीहरूलाई टाढा नलैजाओस्, र तिमीहरूले आफ्नो विश्वासयोग्यतालाई नगुमाओ । [18]तर हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अनुग्रह र ज्ञानमा बढेर जाओ । उहाँलाई अहिले र सदासर्वदा महिमा होस् । आमेन!

---

[1]पद १० को अन्तिम शब्द, ग्रीकको कुन शब्द हो भन्ने अनिश्चित छ । खुल्ला राखिनेछ वा जलाइनेछन् यी दुई विकल्प छन् । यी दुई विकल्पमा कुनचाहिं छान्ने भनी अनिश्चत छ । दोस्रो विकल्प यो हुन्छ, आगोले तत्त्वहरू पगाल्नेछ र पृथ्वी अनि यसमा भएका कामहरू जलाइनेछन् ।


generated on Tue Jun 17 07:49:29 2025